दार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

पत्र स. २०८०/०८१

चलानी नं. १६८५

## सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०२/०८**

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०२/०३ गतेको निर्णय अनुसार तपसिल बमोजिमका पदहरुमा सेवा करारमा पदपुर्ति गनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले रितपूर्वक यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजे सम्म दार्मा गाउँपालिकाको नविल बैंक, दार्मा शाखामा रहेको आन्तरिक राजश्व खाता ०७३०१०१७५००२७५ मा वा राजश्व शाखामा तोकिएको पद अनुसारको राजश्व तिरेको भौचर सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद | तह | जम्मा माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०६/२०८०/८१ | अमिन | सहायकस्तर चौथो वा सो सरह | १ | |

१.**शैक्षिक योग्यता:** लोक सेवा आयोगले लिने अमिन पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन वा सो सरह उपाधि प्राप्त गरेको हुनुपर्ने।

२.**आवश्यक कागजात:** व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण), कार्य अनुभवको प्रमाणपत्रहरु पेश गर्नुपर्ने छ। पेश गरिने सबै प्रतिलिपिको पछाडी स्वयं उम्मेदवारले दस्तखत गरेर प्रमाणित गरी पेश गर्नुपर्नेछ।

३.**कार्य विवरण (TOR)** : प्रचलित कानून तथा कार्यालयको आवश्यकता अनुसार हुनेछ।

४.**परिक्षाको किसिम:** संक्षिप्त सूची (Short List), लिखित र अन्तरवार्ता परिक्षण।

५.**दरखास्त दिने अन्तिम मिति:** २०८१/०२/२२ गते सम्म।

६.**आवेदन दस्तुर:** रु ५००(पाँच सय मात्र)

७.**तलव/सेवासुविधा:** कार्यालयको निर्णय अनुसार र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

८.**उमेर:** दार्मा गाउँपालिकाको "सेवा करारमा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि २०७९(प्रथम संशोधन) मा तोकिए बमोजिम।

९.**परिक्षाको मिति:** संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ।

१०.**सेवा करार अवधि:** ६ महिना।

११. अनुभवीलाई विशेष प्राथामिकता दिइनेछ।

१२. **दरखास्त दिने स्थान:** दार्मा गाउँपालिकाको कार्यालय(प्रशासन शाखा)।

१२.दरखास्त फारम तथा अन्य थप जानकारीको लागी गाउँपालिकाको वेवसाईट www.darmamun.gov.np हेर्न वा गाउँपालिकाको कार्यालयमा तथा ९८५७८४४४६८ मा सम्पर्क राख्न सकिने छ।

...................

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत